# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, चौमाला, कैलाली मंसिर ०७ गते , विहीबार २०८० साल, (संख्या ९ )

## ‘महिलाको स्वास्थ्यसंग उप-प्रमुख’ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
### (पहिलो स्रशोधन)

**प्रस्तावना:** यस नगरपालिकाका महिलाहरुको शारीरिक, मानसिक तथा प्रजनन स्वस्थ्यलाई प्राथमिकताकासाथ महिलाको प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व कार्यक्रमलाई प्रोत्साहन गर्ने, समावेशी विकासका कार्यक्रम, सुरक्षित गर्भपतन लगायतका महिलासँग सम्बन्धित स्वास्थ्य सेवाहरु प्रदान गर्ने, स्वास्थ्य संस्थाहरुको अनुगमन तथा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्ने कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालनका लागि कार्यविधि बनाउन आवश्यक भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यापालिकाले गौरीगङ्गा नगरपालिकाबाट गरिने **‘महिलाको स्वास्थ्यसँग उपप्रमुख’ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५’** जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम ‘महिलाको स्वास्थ्यसँग उपप्रमुख’ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५’ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) “उपप्रमुख” भन्नाले नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले गौरीगङ्गा नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिको प्रमुख कार्यालय कर्मचारी सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्छ ।

(च) "बिषयगत शाखा" भन्नाले गौरीगङ्गा नगरपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(छ) "वडा सचिव" भन्नाले नगरपालिका वडाहरुमा वडा सचिवको रुपमा कामकाज गर्न तोकीएको कर्मचारी सम्झनुपर्छ ।

(ज) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(झ) "सुरक्षित मातृत्व कार्यक्रम" भन्नाले महिलाहरुको प्रजनन स्वास्थ्य अर्थात गर्भावस्था, प्रसुति अवस्था र प्रसुति पछिको अवस्थालाई सहज गराउन सञ्चालित कार्यक्रमलाई जनाउने छ ।

(ञ) "प्रजनन स्वास्थ्य" भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्वन्धित शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यको स्थिति सम्झनु पर्छ

(ट) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिकाभित्र रहेका र मानव स्वास्थ्यसँग सम्बन्धित तोकिएको सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाहरुलाई जनाउने छ ।

(ठ) "दक्ष स्वास्थ्यकर्मी" भन्नाले सम्बन्धित विषयमा तालिम प्राप्त भै सम्बन्धित निकायबाट उक्त कार्यगर्न अनुमति प्राप्त स्वास्थ्यकर्मीलाई जनाउने छ ।

(ड) "शहरी स्वास्थ्य केन्द्र" भन्नाले नगरपालिकाको स्वास्थ्य संस्थाहरु देखि टाढा रहेका वडाहरुमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएका स्वास्थ्य संस्थाहरुलाई जनाउने छ ।

(ढ) "समावेशी विकास कार्यक्रम" भन्नाले गौरीगङ्गा नगरपालिका र सम्बन्धित गैर सरकारी संस्था सँग सहकार्यमा कार्य गर्ने सहमति भएको कार्यक्रमलाई जनाउँदछ ।

(ण) "सुरक्षित गर्भपतन" भन्नाले अनिच्छित गर्भधारण पश्चात कानुनमा उल्लेख गरिए बमोजिम नेपाल सरकारद्धारा सूचीकृत स्वास्थ्य संस्था तथा दक्ष स्वास्थ्यकर्मी नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिमको अवधिको गर्भपतनका सेवा लिने कार्यलाई जनाउने छ ।

(त) "समिति" भन्नाले महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रमको सञ्चालन ,व्यवस्थापन तथा अनुगमन समितिलाई जनाउने छ ।

गौरीगङ्गा राजपत्र

३. **प्रजनन स्वास्थ्य सेवा कार्यक्रम** : यस कार्यक्रमका माध्यमबाट प्रजनन् उमेरका महिलाहरुको स्वास्थ्य र पोषणको अवस्थाका बारेमा स्वास्थ्य शिक्षा तथा चेतना मुलक कार्यक्रमहरु संञ्चालन गरी उनीहरुको प्रजनन स्वास्थ्य स्वस्थ र सुरक्षित बनाईने छ। यसका लागि निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

क) महिलाको स्वास्थ्यका क्षेत्रमा कार्यरत वा अन्य स्वास्थ्य क्षेत्रका सहयोगी संघ संस्था तथा अन्य क्षेत्रबाट समेत प्राप्त सहयोग पारदर्शी रुपमा समन्वयात्मक तरिकाले कार्यान्वयन गरिने छ।

ख) पाठेघर (आङ्ग) खसेका महिलाहरुको निःशुल्क परीक्षण शिविर सञ्चालन गरी निःशुल्क अप्रेशनको व्यवस्था मिलाइनेछ।

ग) महिला स्वास्थ्यका लागि सञ्चालन गरिने शिविर मार्फत नै महिलाको प्रजनन स्वास्थ्यसँग सम्बन्धित अन्य समस्याबारे समेत प्राथमिक तथा आवश्यक थप उपचारका लागि सिफारिस गर्ने व्यवस्था गरिने छ।

घ) नव विवाहित जोडीको विवाह दर्ता गरी वडा कार्यालयबाट सुखद दाम्पत्य जिवनको शुभकामना सहितको स्वास्थ्य सन्देश कार्ड प्रदान गरिनेछ। वडा कार्यालयहरुले शुभकामना प्रदान गरेको अभिलेख राखी प्रतिवेदन मासिकरुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

४.**सुरक्षित मातृत्व कार्यक्रमः** यस कार्यक्रम मार्फत शतप्रतिशत गर्भजाँच र सुरक्षित संस्थागत सुत्केरी भएको नगरपालिका घोषण गरिनेछ। यसका लागि निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ :

क) प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम अर्न्तगत गर्भवती महिलाहरुको गर्भावस्थामा गरिने रक्त परीक्षण सेवा पहिलो पटकको लागि निःशुल्क गरिने छ। यसका लागि आवश्यक औषधि र प्रयोगशालाका सामाग्रीहरु स्वास्थ्य संस्थामा उपलव्ध गराईने छ। त्यसको लागि स्वास्थ्य संस्थाहरुले वार्षिक लागत अनुमान तयार गरी सामाग्रीहरु माग गर्नु पर्नेछ। यस अभियानमा परीक्षण कार्य गरे वापत प्रयोगशालामा काम गर्ने कर्मचारीहरुलाई १० प्रतिशत जोखिम भत्ता प्रदान गरिने छ।

ख) गर्भ रहेको ३ महिना पुरा भई चौथो महिनामा वा पहिलो पटक गर्भ जाँच गर्न आउदा गर्भवती महिलालाई स्वास्थ्य सन्देशयुक्त शुभकामना कार्ड उपलव्ध गराईने छ। स्वास्थ्य संस्थाले शुभकामना कार्ड वितरणको अभिलेख राखी प्रतिवेदन नगरपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ। [1]स्वास्थ्य संस्थाबाट प्रसूति सेवा लिएका सेवाग्राहीलाई प्रत्येक प्रसूतिमा पोषण युक्त खानाका लागि रु. १०००। (अक्षरुपी रु. एक हजार मात्र ) नगद उपलब्ध गराइने छ।

ग) सो पोषण सेवा प्राप्तिका लागि सेवाग्राहीको नागरिकताको प्रतिलिपि र अनुसुची १ बमोजिमको निवेदन सेवाग्राही महिला वा निजका परिवारले सेवा प्रदायक स्वास्थ्य संस्थामा दिनु पर्नेछ।

[1] पहिलो संशोधन

घ) पोषण सेवा वितरण कार्य सम्बन्धित स्वास्थ्य संस्था मार्फत गरिनेछ । यसका लागि आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

ङ) पोषण सेवा वितरणको भरपाइ सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची २ मा तोकिए बमोजिम मासिकरुपमा नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

च) गर्भावस्थामा ३ पटकसम्म गर्भ जाँच गराउन आउने सुत्केरी महिलालाई यातायात खर्च बापत एकमुष्ट रु ३००। -अक्षरेपी रु. तीन सय मात्र) प्रदान गरिने छ । यदि सेवाग्राही महिला आफै स्वास्थ्य संस्थामा आइ सेवा लिन नसकि दक्ष स्वास्थ्यकर्मी निजको घरमा गई सेवा प्रदान गरेमा सो यातायात खर्च निज स्वास्थ्यकर्मीलाई प्रदान गरिने छ । यातायात खर्च प्राप्तिका लागी समेत अनुसूची ३ मा तोकिएको ढाँचामा निवेदन निज महिला वा सगोलका परिवार सदस्य वा सेवा प्रदायक स्वास्थ्यकर्मीले पेश गरी प्राप्त गर्न सक्नेछन् । तर सेवा प्रदायक स्वास्थ्यकर्मीको हकमा विरामी महिला वा निजको परिवारका सदस्य वा स्थानीय जनप्रतिनिधिको सिफारिस अनिवार्य संलग्न गर्नु पर्नेछ ।

छ) सुरक्षित प्रसुतिका लागि सेवाग्राही महिलालाई स्वास्थ्य संस्थासम्म आफैं उपस्थित भई लिएर आएमा त्यस्ता महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई समेत प्रोत्साहन स्वरुप प्रतिसेवाग्राही रु. १०० (अक्षरेपी रु. एक सय मात्र) प्रदान गरिने छ ।

ज) यो कार्यविधि लागु हुनुपूर्व नगरपालिका तथा नेपाल सरकारबाट नियमानुसार प्रदान गरिदै आएका सेवा सुविधाहरु प्रचलित नियम कानून बमोजिम यथावत प्रदान गरिनेछ ।

**५.अनुगमन तथा मुल्याङ्कन** : महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रम कार्यान्वयन गर्ने दायित्व र जिम्मेवारी सेवा प्रदायक स्वास्थ्य संस्था तथा ती संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको हुनेछ । उक्त कार्यक्रमको प्रभावकारिताको अनुगमन तथा मुल्याङ्कन निम्न बमोजिम गरिने छ :

क) यस कार्यविधि बमोजिम गठन गरिएको व्यवस्थापन समितिका पदाधिकारीहरु तथा समितिले तोकेका पदाधिकारीहरुले कार्यक्रम सँग संम्बन्धित सवै पक्षको अनुगमन सुपरिवेक्षण तथा व्यवस्थापनमा सहयोग गर्नेछ ।

ख) नियमित कार्यालय समयको पालना, कार्यक्रम कार्यान्वयनु सेवाग्राही सँगको व्यवहार, प्रतिवेदन, अभिलेख तथा भण्डार व्यवस्थापन आदि लगायत कार्यालय तथा कर्मचारीसँग सम्बन्धित विषयको अनुगमन गरिनेछ । अनुगमनबाट सुधार्नुपर्ने विषयहरु भेटिए सुधार गर्न सुझाव सहित समितिमा सिफारिस गर्नु पर्नेछ ।

ग) सेवा प्रदायक संस्था तथा व्यक्तिहरुले यस कार्यविधिमा उल्लेखित कार्य नगरेमा दफा २३ बमोजिम आबश्यक कारवाही गरिनेछ । सो को जानकारी नगरपालीकाले सम्बन्धित निकायमा पठाउनेछ ।

घ) अनुगमनका आधारमा कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरिने छ । साथै नगरपालिकाको सम्बन्धित शाखाबाट समेत नियमित सबै कार्यक्रमहरुको अनुगमन गरिने छ । यसरी अनुगमन गरेको मासिक प्रतिवेदन सम्बन्धित शाखाले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

६. **सुरक्षित गर्भपतन कार्यक्रम** : विभिन्न कारणबाट हुन गएको अनिच्छित गर्भधारणलाई नेपाल सरकारको नीति तथा निर्देशिका अनुसार हुनेगरी सेवा प्रदान गर्न सूचीकृत स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीबाट निःशुल्क सेवा प्रदान गर्न महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिले समन्वय गरी कार्य गर्नेछ । यसका लागि निम्न कार्यहरु गरिनेछन् :

क) सूचीकृत स्वास्थ्य संस्थाले नेपाल सरकारद्वारा प्रदान गरेको अनुदान रकमबाट औषधी खरिद तथा सेवा प्रदायकलाई प्रोत्साहन रकम दिने व्यवस्था गरीने छ । कुनै कारणवश नियमित सेवा दिन नसकेमा सेवा प्रदायक संस्थाले सोको जानकारी यथाशीघ्र समितिलाई गराउनु पर्नेछ ।

ख) यस कार्यविधि अनुसार प्रदान गरिने महिला स्वास्थ्य सेवामा सेवाप्रदाय संस्था वा स्वास्थ्यकर्मीद्वारा ढिला सुस्ती तथा अनुदान रकम अन्यन्त्र खर्च गरी सेवा प्रवाह अवरुद्ध गरेको वा ढिलाई गरेको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

ग) औषधि खरिद गर्ने रकम अभाव भएमा महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिलाई सेवा प्रदायकले अविलम्ब जानकारी गराउनु पर्नेछ । तत्पश्चात औषधि नगरपालिकाबाट खरिद गरी वितरणको व्यवस्था गरिनेछ ।

घ) एक जना महिलालाई एक वर्षमा बढीमा पटक मात्र यो सेवा निःशुल्क प्रदान गरिने छ । यसरी निःशुल्क सेवा लिएका सेवाग्राहीहरुलाई अनिवार्य रुपमा आवश्यक परिवार नियोजन सेवा उपलब्ध गराईनेछ ।

ङ) सेवाप्रदायकले सेवाग्राहीबाट सेवा प्रदान गरेवापत तथा औषधि वितरण गरेवापत कुनै पनि रकम लिन पाईने छैन ।

च) सुरक्षीत गर्भपतन कार्यक्रम सञ्चालन गरेवापत सेवा प्रदायकलाई प्रोत्साहन स्वरुप प्रतिसेवाग्राही रु. ३०० (तीन सय) प्रदान गरिने छ । यसरी प्रदान गरिएका सेवाको विवरण तथा प्रतिवेदन चुस्त दुरुस्त अभिलेख गरी राखिनु पर्दछ ।

७ .**आकस्मिक प्रेषण सेवा** : स्वास्थ्य सेवालाई प्रभाकारी बनाउन निम्न कार्यहरु गरिने छ :

क) गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई जटिलताको अवस्थामा आवश्यक पर्ने रेफरल तथा विशेषज्ञ स्वास्थ्य सेवाका लागि समयमै उपयुक्त स्वास्थ्य संस्थामा सिफारिस गरी मातृ तथा नवजात शिशु मृत्युदर कम गर्न प्रभावकारी सेवा प्रणालीको व्यवस्था गरिनेछ ।

ख) आर्थिक अवस्था अत्यन्तै कमजोर भएका तथा असहाय गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट सेवा प्रदान हुन नसकी थप उपचारको लागि सुविधा सम्पन्न स्वास्थ्य संस्थामा पठाउन निःशुल्क यातायात (एम्बुलेन्स) तथा आर्थिक सहायताको व्यवस्था गरिने छ ।

ग) माथि (ख) अनुसारको सहयोग प्राप्त गर्नका लागी सेवाग्राही वा निजको नजिकको आफन्तले समिति समक्ष तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्ने छ । सो निवेदनमा यस नगरपालिका अर्न्तगतका सेवा प्रदायक स्वास्थ्य संस्थाबाट सेवा हुन नसकी सिफारिस गरेको कारण सहितको पत्र तथा सिफारिस अनुसार प्रेषण भएको स्वास्थ्य संस्थामा गई उपचार लिएको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

घ) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई माथि उल्लेखित प्रक्रिया बमोजिम गरेको सहयोग रकम सम्बन्धित स्वास्थ्य संस्था वा व्यक्तिको खातामा नगरपालीका वा महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिले जम्मा गर्ने व्यवस्था मिलाउने छ । त्यस्तो सुविधा दिँदा अनुसूची-४ अनुसारको निवेदनका आधारमा नगरपालिकामा त्यस्तो प्रेषण सेवाको रकम माग गर्नुपर्ने छ ।

८. **अनुमति नलिई कार्यक्रम गर्न नपाईने** : (क) कसैले यस कार्यविधि बमोजिम सम्बन्धित निकाय वा नगरपालिकाबाट इजाजतपत्र नलिई नगरपालिका क्षेत्रभित्र कार्यसंञ्चालन गर्न पाईने छैन ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्वसँग सम्बन्धित सेवाप्रदान गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समेत नगरपालिकामा आफ्नो व्यवसाय दर्ता गरी यसै कार्यविधि बमोजिम सहकार्य गरी कार्य गर्नु पर्नेछ ।

९. **इजाजतपत्रको लागि निवेदन दिनु पर्ने** : (क) महिलासँग उप-प्रमुख कार्यक्रम सञ्चालनमा सहकार्य गर्न चाहने संघ संस्थाहरुले नगरपालिकाबाट इजाजतपत्र लिनुपर्ने छ ।

(ख) उपदफा (क) बमोजिम दिइने ईजाजतपत्रको लागि अनुसुची-५ को बमोजिमको ढाँचामा निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

१०. **निवेदनसाथ संलग्न गर्नुपर्ने** : दफा ९ बमोजिम दिने निवेदनसाथ देहायको कागजात संलग्न गर्नुपर्नेछ :

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त मान्यता प्राप्त स्वास्थ्य क्षेत्रमा काम गरिरहेका संघ संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेमताको विवरण र सहकार्य गर्न चाहेको क्षेत्र इजाजतका लागि निवेदन पेश गर्नुपर्ने ।



गौरीगङ्गा राजपत्र

(ख) उक्त निवेदनसाथ संस्था दर्ताको प्रमाणपत्र, विधान, प्रवन्धपत्र, नियमावली, सम्बन्धित निकायको अनुमती पत्र तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(ग) निवेदन दस्तुर (नगर सभाले तोके अनुरुपको रकम) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै कार्यक्रम संञ्चालन गरिने ठाउँको विवरण उल्लेख गर्नु पर्ने छ ।

११. **इजाजतपत्र दिन सकिने** : (क) नगरपालिकाले दफा ९ बमोजिम प्राप्त निवेदन र दफा १० अनुसार संलग्न कागजातहरुका आधारमा महिलाको स्वास्थ्यसँग उपप्रमुख कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा नगर कार्यपालिकाले सहकार्यमा सेवा प्रदान गर्न अनुमति दिन सक्ने छ । अनुमति पत्रको ढाचा अनुसुची-६ बमोजिमको हुनेछ ।

(ख) इजाजतपत्रको अवधि एक पटकमा एक आर्थिक वर्षको हुनेछ ।

ग) एउटै वडामा एउटै प्रकारको सेवाका लागि एकभन्दा बढी स्वास्थ्य सेवा प्रदायकलाई अनुमती दिईने छैन ।

१२. **इजाजतपत्रको अवधि र नवीकरण दस्तुर** :

(क) इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(ख) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नगर सभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची-७ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ । निवेदनसाथ सम्बन्धित निकायबाट संस्था अद्यावधिक गरिएको पत्र र कर चुक्ताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ग) उपदफा (ख) बमोजिम कागजात समावेश गरी इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगरपालिकाले नविकरण गर्दा नगर सभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(घ) उपदफा (ख) बमोजिमको म्याद नाघेको १ वर्षभित्र सम्म इजाजतपत्र नवीकरण गर्न आएमा नगर सभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजतपत्र नवीकरण गर्न सकिनेछ । म्याद नाघेको १ वर्ष पछि इजाजतपत्र नवीकरण हुनेछैन ।

१३. **कार्यक्रम गर्न रोक लगाउन सकिने** : यस कार्यविधि अन्तर्गत सञ्चालन गरिएका कार्यक्रमका सम्बन्धमा कुनै सरकारी तथा गैरसरकारी संघ संस्थाका विरुद्धमा उजुरी परेमा त्यस्तो उजुरीको छानवीन यस कार्यविधि अन्तर्गतको सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिले गर्नेछ । उजुरीको

गौरीगंगा राजपत्र

छानबीन गर्दा देहाय बमोजिम भए गरेको देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो सरकारी तथा गैरसरकारी संघ संस्थाको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रममा रोक लगाउन सक्नेछ । गैरसरकारी संस्था तथा निजी संस्थाहरुले कानुन बमोजिम गरेको नपाईएमा भविष्यमा यस नगरपालीकामा काम गर्न समेत रोक लगाउन सक्नेछ ।

(क) निरीक्षण तथा छानविन गर्दा शर्त बमोजिम कार्यक्रम सञ्चालन गरेको नपाईएमा

ख) पहिले गरेको त्रुटीपुर्ण काममा सुधारिने मौका दिँदा पनि शर्त बमोजिम काममा सुधा लापरवाही नगरेको र पुनः लापरवाही गरिएको पाईएका

,

(ग) कोही कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम गरेको पाएमा त्यस्तो सरकारी तथा गैरसरकारी संघ संस्थालाई काम गर्नबाट बञ्चित गर्ने र ईजाजत रद्ध गर्ने सुझाव समितिले नगरकार्यपालीकालाई दिन सक्नेछ तर, त्यस्तो संस्था बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

१४. **इजाजतपत्र रद्द गर्न सकिने** : तोकिएको शर्त र समयावधिभित्र कार्यक्रम प्रारम्भ र सम्पन्न नगर्ने सेवा प्रदायक व्यक्ति वा संघ संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

१५. **महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रमको संञ्चालन ,व्यबस्थापन तथा अनुगमन समिति** : एक महिलाको स्वास्थ्यसँग उपप्रमुख कार्यक्रमको संञ्चालन, व्यबस्थापन तथा अनुगमन समिति रहनेछ ।

क) नगर उप-प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगर कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

घ) महिला तथा बालबालिका शाखाको सहायक स्तरको कर्मचारी १ जना - सदस्य

ङ) कानुन अधिकृत -सदस्य

च) महिला तथा बालबालिका शाखाको शाखा प्रमुख - सदस्य सचिव

१६. **महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रमको संञ्चालन ,व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : महिलासँग उप-प्रमुख कार्यक्रमको संञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाको कार्यालयमा दर्ता हुन आएका स्वास्थ्यका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्था हरुको नियमित अनुगमन तथा नियमन गर्ने ।

ख) नगरपालिकाको कार्यालयमा दर्ता हुन आएका सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

ग) महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रमहरु सञ्चालनका लागि व्यवस्थापन तथा अनुगमन, नियमन गरी कार्यक्रम व्यवस्थापमा आबश्यक सहयोग गर्ने ।

घ) प्रत्येक वडाहरुमा शहरी स्वास्थ्य केन्द्रहरु स्थापना तथा सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

ङ) महिला स्वास्थ्यसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्ने ।

च) मातहतका स्वास्थ्य संस्था, सञ्चालित कार्यक्रम तथा कर्मचारीहरुको अनुगमन गर्ने ।

१७. **महिलाको स्वास्थ्यसंग उप- प्रमुख कार्यक्रमकको संञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिको बैठक र कार्य प्रक्रिया :** (क) महिलासँग उप प्रमुख कार्यक्रमकको सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(ख) समितिको बैठक भत्ता नगरसभाबाट तोकिए बमोजिम हुनेछ ।

१८. **महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रममा सहकार्य गर्न चाहने सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु :** यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका र कार्यक्रम सञ्चालन गर्न अनुमति लिएका गैरसरकारी संघ संस्थाहरुले कार्यक्रम गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम गर्नुपर्नेछः

क) कार्यक्रम गर्दा कुनै राजनीतिक दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा जनताको सेवामा समर्पित भै गर्नुपर्ने छ ।

ख) इजाजत प्राप्त भएको क्षेत्र र विषयमा मात्र कार्य गर्नुपर्नेछ ।

ग) कार्यक्रम गर्दा देशको सार्वभौमसत्ता, अखण्डता, धार्मिक सहिष्णुता, सामाजिक संस्कार तथा पर्यावरणीय वातावरणमा कुनै पनि किसिमले असर नपर्ने तरिकाबाट सञ्चालन गर्नुपर्नेछ ।

घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह निशुल्क सेवा उपलव्ध गराउनु पर्नेछ ।

ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि आकस्मिक सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

च) आपतकालीन वा विपद्को समयमा नगर कार्यपालिकाबाट निर्देशन भएमा थप कार्यहरु समेत निःशुल्क गर्नु पर्नेछ ।

गौरीगंगा राजपत्र

छ) युद्ध वा संकटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र गर्नु पर्नेछ ।

ज) प्रचलित संघीय, प्रदेश तथा स्थानीय ऐन कानुनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

१९. **कार्यक्रम प्रारम्भ गर्नु पर्ने** : (क) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले ३ महिनाभित्र आफ्नो कार्यक्रम प्रारम्भ गर्नु पर्नेछ ।

(ख) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपदफा (१) बमोजिमको अवधिभित्र कार्यक्रम प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि सकिनु १५ दिन अगावै समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(ग) उपदफा (ख) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा समितिले नगरकार्यपालीका समक्ष पेश गर्नेछ र कार्यपालिकाले आवश्यक सम्झेमा आर्थिक बर्ष समेतलाई विचार गरी कार्यक्रमको बाकि अवधिका लागि थप गर्न सकिने छ ।

(घ) उपदफा (क) वा (ग) बमोजिमको अवधिभित्र पनि कार्यक्रम प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

२०. **विवरण संशोधन तथा थप गर्न सक्ने** : (क) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा नगर सभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा समितिको सिफारिसमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ तर मूलभूत रुपमा कार्यक्रम नै फरक पर्ने गरी विवरण सुधार गर्न पाईने छैन ।

२१. **इजाजतपत्रको प्रतिलिपि** : (क) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त सघ संस्थाले उपयुक्त कारण सहित निवेदन पेश गरी सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(ख) कसैले उपदफा (क) बमोजिम प्रतिलिपी माग गरेमा नगरपालिकाले रु. ५००। अक्षरेपी पाँच सय मात्र दस्तुर लिइ प्रतिलिपि दिनुपर्नेछ ।

२२. **नियमन गर्न सक्ने** :

(१) इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम गरे वा नगरेको सम्बन्धमा महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रमको समन्वय तथा अनुगमन समिति वा नगर प्रमुखद्वारा तोकिएको अधिकारीले

कार्यक्रम सम्वन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम नगरेको पाइएमा इजाजतपत्रमा उल्लेखित शर्तहरु बमोजिम कार्यक्रम गर्न समिति वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपदब्ध गराउन सक्नेछ ।

२३. **दण्ड जरीवाना** : (क) यस कानून विपरित काम गर्नेलाई कार्यपालिकाले समितिले नियमानुसार कारवाही वा सिफारि गर्नेछ :

(ख) उपदफा (क) बमोजिम सजाय वा जरीवाना गर्नुपूर्व त्यस्तो सरकारी तथा गैर सरकारी संघ सस्था तथा कर्मचारीहरुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

२४. **पुनरावेदन** : कार्यपालिकाले दफा २३  बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र उपयुक्त न्यायिक निकायमा पुनरावेदन गर्न सक्नेछ ।

२५. **कार्यविधिमा हेरफेर, थपघट ,व्याख्या तथा संशोधन** : कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

२६. यस कार्यविधिमा उल्लेखित कार्यक्रम सञ्चालनमा लाग्ने खर्च नगरपालिकाको नगर सभाबाट विनियोजन गरी खर्च गरिनेछ साथै विनियोजीत रकम अपुगभएमा थप व्यवस्था समेत गरिने छ । यो कार्यविधि बन्नु अगाडी सञ्चालन भै रहेका कार्यक्रमहरु समेत यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिने छन  ।

गौरीगंगा राजपत्र

अनुसूची – १

**यस कार्यविधिको दफा ४ (ग) संग सम्बन्धित**

## पोषण सुविधालागि निवेदनको नमुना

श्री ....................................... प्रमुख ज्यू, मिति :-

..........................................................

विषय : पोषण सुविधा पाउने बारे ।

महिलाको स्वास्थ्यसग उप -प्रमुख कार्यक्रम संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार पोषण सुविधा पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन पेश गरेको छु । साथै नागरिकताको प्रतिलिपी यस पत्रसाथ संलग्न राखेको व्यहोरा जानकारी गराउँदछु ।

**विवरण**

(क) नाम थर :-

(ख) ठेगाना :-

(ग) घर नं :-

(घ) नागरिकता नं र नागरिकता लिएको मिति :-

(ङ) नागरिकता लिएको जिल्ला :-

(च) सुत्केरी भएको मिति :-

(छ) पोषण सुविधा लिएको पटक :- पहिलो/दोस्रो

ज) सम्पर्क नं. :-

महिला स्वास्थ्य स्वयम सेविकाहरुले स्वास्थ्य संस्था सम्म ल्याएर सहयोग गरेको भएमा निजको नाम थर :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकका
सही :-

नाम :-

मोवाईल नं:-

## अनुसूची – २

## यस कार्यविधिको दफा ४ (च) संग सम्बन्धित

## प्रतिवेदन फारम (नमुना)

गौरीगंगा राजपत्र

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला कैलाली

विषय :- मासिक प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

श्री गौरीगङ्गा नगरपालिका ,चौमाला कैलाली

मासीक प्रतिवेदन पेश गरेको महिना :

सेवाप्रदान गरेको स्वास्थ्य संस्थाको नाम :

प्रतिवेदन तयार गरेको मिति :

| क्र.सं. | सेवाग्राहीको नाम थर | ठेगाना | पोषण सेवा संख्या | घर नं./टोल वा मार्ग | मोबाइल नं (अनिवार्य ) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

यो महिनामा सेवा पाएका जम्मा सेवाग्राहीहरुको संख्या :
यो महिनामा वितरण भएको जम्मा पोषणयुक्त घ्यू पाकेट :
जम्मा प्राप्त पोषणयुक्त घ्यू पाकेटः
जम्मा बाकी पोषणयुक्त घ्यू पाकेट :

प्रतिवेदन तयार गर्ने : प्रमाणीत गर्ने :

दस्तखत : कार्यालयको छाप दस्तखत :

नाम थर : नाम थर :

पद : पद :

मिति : मिति :

गौरीगंगा राजपत्र

**अनुसूची – ३**

**कार्यविधि को दफा ४(च) संग सम्बन्धित**
**निवेदन पत्र को नमुना**

श्री .......................................

............................................

महिलाको स्वास्थ्यसँग उप-प्रमुख कार्यक्रम संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार ३ पटक नियमितरुपमा उत्तर प्रसुति सेवा प्राप्त गरे/उत्तर प्रसुति सेवा प्रदान गर्न सेवा ग्राहीको घरमानै पुगी सेवाप्रदान गरे वापत यातायात खर्च उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेकोछु ।

(क) **सेवाग्राही**

नाम : ठेगाना :
गर्भवति दर्ता नं : सुत्केरी दर्ता नं :
प्रसूति भएको मिति : पहिलो सुत्केरी जाच मिति :
दोस्रो पटक सुत्केरी जाच मिति : तेस्रो पटक सुत्केरी जाच मिति :
सम्पर्क नं. :

(क) **सेवा प्रदायक (स्वास्थ्य कर्मी)**

नाम : कार्यालय :
पद :

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| निवेदकको :- | सिफारीस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| सही : | सही : | सही : |
| नाम : | नाम थर : | नाम थर : |
| मिति : | पद : | पदः |
| मोवाइल नं | मोवाईल नं | मोवाइल नं |
| पद : | | |

पुनश्च : सेवाग्राही स्वयम स्वास्थ्य संस्थामा आई नियमानुसार सुत्केरी सेवा लिइ यातायात खर्च माग गरेमा निवेदकमा सेवा ग्राही स्वयम सिफारीस गर्नेमा सेवा प्रदायक कर्मचारी र प्रमाणीत गर्नेमा कार्यालय प्रमुख रहने छन ।तर सेवाग्राही महिला को घरैमा गै सेवा प्रदान गरेवापत स्वास्थ्यकर्मीले यातायात खर्च दावी गरेमा निवेदकमा सेवाग्राही स्वास्थ्यकर्मी रहने छन र सिफारीस गर्ने सेवाग्राही महिला र प्रमाणीत गर्ने सम्बन्धित वडाको वडाध्यक्ष लाई जनाउनेछ ।

गौरीगंगा राजपत्र

अनुसूची–४

**यस कार्यविधिको दफा ७ (घ) संग सम्बन्धित**

**निवेदनको नमुना**

मिति..................

श्री नगर प्रमुख ज्यु

गौरीगङ्गा नगरपालिका

चौमाला, कैलाली

विषयः रकम उपलव्धगराई पाउँ बारे ।

महोदय ,

म/मैले बिरामीलाई ...............................देखी ..............................सम्म थप उपचारका लागी प्रेषण भई आएको/जानुपर्ने भएकोमा मेरो परिवारको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको र मैले प्रेषणम लाग्ने खर्च व्यहोर्न नसक्ने भएकोले प्रेषण गर्दा लागेको/लाग्ने खर्च रु...........उपलव्धगराई दिनुहुन अनुरोध छ ।

निवेदक

नाम थर :

दस्तखत :

ठेगाना :जिल्ला कैलाली, गौरीगङ्गा नगरपालिका वडा नं ...

घर नं :

सम्पर्क नं :

**कार्यालय प्रयोजनका लागि सम्बन्धित कर्मचारीले भर्ने**

मुल दर्ता नं ........................प्रेषण गर्नुपर्ने कारण ..........................................

प्रेषण गर्दा लागेको/लाग्ने रकम ........................

| | |
|---|---|
| सिफारिस गर्ने स्वास्थ्य कर्मी | स्वीकृत गर्ने कर्मचारीको |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |

गौरीगंगा राजपत्र

**अनुसूची–५**

**यस कार्यविधिको दफा ९(ख) संग सम्वन्धित**

**इजाजतपत्र स्वीकृतीका लागि दिइने निवेदनको नमुना**

श्री नगर प्रमुख ज्यू

गौरीगङ्गा नगरपालिका

चौमाला, कैलाली

विषय : इजाजत पाउँने बारे ।

महिलाको स्वास्थ्यसग उप-प्रमुख कार्यविधि, २०७५ को दफा ९(क) बमोजिम महिलाको स्वास्थ्यसग उप-प्रमुख कार्यक्रम संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ भित्र रहेका कार्यक्रममा सहकार्य गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

**संस्थागत विवरण**

(१)संघ/सस्थाको नाम :
२) मुख्य कार्यालय रहेको स्थान :-
(३)फोन नं. (४) फ्याक्स नं.
(५) ईमेल : (६) दर्ता नं. :
(७) दर्ता गरिएका क्षेत्र वा निकाय

**कार्यक्षेमातागता विवरण**

(१) अनुभव :-
(२) प्राविधिक दक्षता :-
(३) दक्ष जनसक्ति
(३) हाल कार्य गरिरहेको क्षेत्र :
(४) कार्यक्रम शुरु गरेको मिति :-

सहकार्य गर्न चाहेको विवरण

(१) क्षेत्र (भौगोरी क्षेत्र)
(२) सहकार्य गर्न चाहेको विषय

माथि लेखिएका विवरण पुष्टी हुने प्रमाणी कागजात र निवेदन दस्तुर यसै पत्रका साथ संलग्न राखेको छु । व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको
सही :-
नाम :-
मिति :-

**अनुसूची – ६**

**यस कार्यविधि को दफा ११(क) संग सम्वन्धित**

**स्थानीय तहमा कार्यक्रम गर्ने इजाजतपत्र नमुना**

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

इजाजत पत्र नं. :-

गौरीगंगा राजपत्र

नगरपालिकाबाट सञ्चालित महिलाको स्वास्थ्यसंग उपप्रमुख कार्यक्रममा सहकार्य गर्नको लागी श्री...................... लाई  महिलाको स्वास्थ्य संग उपप्रमुख कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को अधिनमा रहि काम गर्न गराउन यो इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजत पत्र दिने अधिकारीको

सहि :

नाम :

पद :

**पछाडी पट्टी नविकरणको लागि**

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|

**अनुसूची–७**

**यस कार्यविधि को दफा १२ संग सम्वन्धित**

इजाजतपत्र नवीकरणको लागि दिइने निवेदन(नमुना)

**श्री** ............................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व.........................को लागि नवीकरण गरिदिनकालागि सादर अनुरोध गर्दछु/गर्दछौ साथै नविकरण दस्तुर र आवश्यक कागजात यसै पत्रका साथ संलग्न गरेको व्यहोरा अनुरोध छ ।

निवेदक

गौरीगंगा राजपत्र

………………

<u>संलग्न</u>

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

४) ………………………

<u>अनुसूची–८</u>

**यस कार्यविधिको दफा २० संग सम्वन्धित**

**इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा (नमुना)**

श्री  नगर प्रमुख ज्यू

गौरीगङ्गा नगरपालिका

चौमाला, कैलाली

विषयः विवरण संशोधन/थप सम्वन्धमा ।

मैले/हामीले  मिति ………………मा प्राप्त गरेको इजाजतपत्र नं. ….. मा देहाय बमोजिमको विवरण संशोधन/थप गर्न आवश्यक भएकोले निर्ययार्थ अनुरोध गर्दछु/गर्दछौं ।

गौरीगंगा राजपत्र

| | |
|---|---|
| हाल रहेको विवरण | |
| परिवर्तन गर्न चाहेको विवरण | |
| थप गर्न चाहेको विवरण | |

निवेदक

..................

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

आज्ञाले

धर्मराज बिनाडी

प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र